
# अनुगमन तथा सुपरिवेक्षण समिति




**प्रतिवेदक**

दिपा पाखिन (उपाध्यक्ष) -संयोजक

राम बहादुर सुनुवार -सदस्य

सरिता नेपाली- सदस्य

धनेन्द्र भुजेल (प्रमुख प्रशासकीय अधिकृत) -सदस्य

विवेक यादव (इन्जिनियर) -सदस्य

सन्तोष जि.सी. -सदस्य सचिव

**लिखु तामाकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**धोबी बजार, रामेछाप**

**बागमती प्रदेश, नेपाल**


## योजना अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन २०८०/०८१

## धन्यवाद मन्तव्य

लिखु तामाकोशी गाउँपालिकाले अंगीकार गरेको “शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार समृद्ध लिखु तामाकोशी मूल आधार" लक्ष्य हासिल गर्न विकासका योजना, नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष सबल हुन जरुरी छ । छोटो समयावधिमा विकासका लक्ष्यहरू हासिल गर्न तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तय गर्नु जरुरी भइसकेको छ योजनाको प्रभावकारी कार्यान्वयन र तथ्यमा आधारित नीति निर्माणको लागि अनुगमन तथा मूल्याङ्कनले महत्वपूर्ण भूमिका खेल्दछ वर्तमान सङ्घीय संरचना अनुरुप गाउँपालिकाको विभिन्न तहमा हुने अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि रहेको छ। गाउँपालिकाको आवधिक विकास योजनाको लक्ष्यले तोकेका परिणाम प्राप्त गर्नको लागि समेत अनुगमन तथा मूल्याङ्कन प्रणालीमा थप सुधार र परिमार्जन गर्न यस प्रतिवेदनले सघाउ पुन्याउनेछ। प्रस्तुत सन्दर्भमा तयार भएको अनुगमन प्रतिवेदनले गाउँपालिका लगायतका निकायलाई अनुगमन तथा मूल्याङ्गन कार्यमा ठोस मार्गदर्शन प्रदान गर्ने तथा भावी दिनमा तर्जुमा गरिने योजनाको लक्ष्य, उद्देश्य र रणनीति तयार गर्नको लागि आधार तयार गर्नेछ । साथै यस प्रतिवेदनले सङ्घीय तहको अनुगमन एवम् मूल्याइन प्रणालीलाई व्यवस्थित बनाई विकास कार्यक्रम आयोजनाहरूको अनुगमनको पनि अनुगमन गर्न महत्वपूर्ण योगदान पुयाउनेछ यस प्रतिवेदनको कार्यान्वयन पक्षको प्रभावकारी अनुगमन गाउँ कार्यपालिकाले नै गर्नेछ । साथै यस प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने सबैलाई धन्यवाद दिन चाहन्छ ।

दिपा पाखिन
संयोजक
अनुगमन तथा सुपरीवेक्षण समिति
लिखु तामाकोशी गाउँपालिका

# विषय सूची

**भाग १ परिचय**

१.१ पृष्ठभूमी.

१.२ अनुगमनको उद्देश्य

१.३ अनुगमनको ढाँचा एवं विधि

१.४ अनुगमनको सिमा

**भाग २ तथ्य र अनुगमनको प्रस्तुती विश्लेषण र व्याख्या**

२.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश

२.१.१ गोरेटो बाटो

२.१.२ खानेपानी

२.१.३ सिचाई

२.१.४ सड़क झोलुङ्गे ट्रस पुल निर्माण

२.१.५ फोहोरमैला व्यवस्थापनः

प्रतिवेदन अबधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन।

२.१. वातावरण तथा जलवायु परिवर्तन प्रतिवेदन अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले या उल्लेख गरिएको छैन।

२.१.७ भवन ऊर्जा एवं विद्युतीकरण

प्रतिवेदन अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कामको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन

२.१.९ पर्यटन प्रबर्द्धन एवं सांस्कृतिक सम्पदा

२.१.१० कृषि तथा पशु विकास,

**भाग ३ प्रमुख उपलब्धिहरु**

**भाग ४ प्रमुख समस्याहरु**

**भाग ५ सिकाइहरु**

**भाग ६ निष्कर्ष र सुझाव**

**६.२ सुझाव**

## भाग १ परिचय

### १.१ पृष्ठभूमी

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले भएको छ कि छैन र कार्य तालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापन प्रणालीले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र आवाधिक रुपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ । विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व रहन्छ विगतका अनुभवबाट पाठ सिक्दै भावी नीति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामुखी बनाउन यस्तो व्यवस्था प्रभावकारी हुनुपर्दछ ।नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने क्रममा नेपाल सरकारले राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० जारी गरी कार्यान्वयनमा ल्याएको थियो । नयाँ संविधान जारी भएपछि सङ्घ, प्रदेश तथा स्थानीय तहमा भएको पुनःसंरचना अनुरुप स्थानीय तहमा सञ्चालित योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्गनलाई प्रभावकारी बनाउन यसको सफल अभ्यास हुँदै आइरहेको छ । यसै सन्दर्भमा लिखु तामाकोशी गाउँपालिकाले पनि योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिमा योजनाको अनुगमन तथा मूल्याङ्गन पश्चात् अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गर्नुपर्ने प्रावधान भए वमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अपरिहार्यता प्रष्ट झल्किन्छ । तसर्थ यस प्रतिवेदनमा अनुगमन गर्दा अपनाउनुपर्ने विधि तथा प्रक्रिया, सूचक तथा सूचनाका स्रोतहरू, संस्थागत व्यवस्था र सूचनाको प्रयोग सम्बन्धी विषयलाई समेटेको छ। प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन यसलाई सहभागितामूलक बनाउन आवश्यक छ ।गाउँपालिकाको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्न, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी तिनलाई गाउँपालिकाका विभिन्न तहहरूमा लागू गरी संस्थागत गर्न, मूल्याङ्गनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्न, गराउन र सोको आधारमा गाउँपालिकाको नीति तथा कार्यान्वयनमा सुधार गर्नुका साथै अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास समेत गर्ने उद्देश्य लिई यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ अनुगमनको उद्धेश्य

अनुगमनले संचालित योजना, आयोजना तथा क्रियाकलापहरुलाई व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने मूल उद्देश्य लिएको छ ।

उपरोक्त उद्धेश्यहरुका साथै अनुगमनका निम्न उद्देश्यहरू रहेका छन्।

१) कार्यक्रम आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप प्रक्रिया र प्रतिफल सूचकहरूको आधारमा कार्यसम्पादन भए नभएको निर्धारण गर्न,

२) कार्यक्रम आयोजनाको कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम आयोजनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत सम्भार निश्चित गर्न ।

३) कार्यक्रम/आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न

४) कार्यक्रम आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न र सूचकहरू निर्धारण गर्न

५) कार्यक्रम आयोजनाको प्रगतिको समीक्षा गर्न

६) पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढांचामा आवश्यक परिवर्तन गर्न।

७) कार्यक्रम आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न

८) कार्यक्रम आयोजना सम्पन्न भएपछि थप कार्य (Follow-up) आवश्यक रहेको वा नरहेको निक्यौल गर्न वा संचालित कार्यक्रम आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न,

९) भविष्यमा कार्यक्रम आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरू प्राप्त गर्नका लागि योजना कार्यान्वयनको विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्न ।

## १.३ अनुगमनको ढाँचा एवं विधि

आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन सेवा प्रदायक र सेवाग्राहीको सहभागितामा अनुगमन तथा मूल्याइन गर्नुपर्दछ सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले संस्थागत सिकाइ अभिवृद्धि गर्ने सरोकारवालाको धारणा बुझी आयोजनामा सुधार गर्ने र प्रभाव मूल्याङ्कन गरी सार्वजनिक उत्तरदायित्व वा जवाफदेहिता अभिवृद्धि गर्ने गर्दछ । साथै यसबाट सरोकारवालालाई आयोजनाको अवस्थाको जानकारी हुन गई समयमै प्रतिफल प्राप्तिमा सहयोग पुग्ने हुन्छ तसर्थ लिखु तामाकोशी गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गाउँपालिका, वडा र अन्य निकायहरुबाट सञ्चालित क्रियाकलाप, आयोजना र योजनाको अनुगमनका लागि विभिन्न ढाँचा एवं विधिहरु प्रयोग गर्दै आइरहेको छ ।

विकास आयोजनाहरूको प्रगति विवरण वा सूचनाका आधारमा गरिने समीक्षा अपर्याप्त भएमा वा अनुगमन गर्ने निकायले कार्यथलोमा नै गई आफ्नै आँखाले तथ्य एकिन गर्न वा आयोजनाको व्यवस्थापन लगायत सम्बद्ध सरोकारवालाहरूको धारणा सङ्कलन गरी कार्यान्वयनमा आउन सक्ने समस्या समयमै पहिचान तथा समाधान गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण गर्नुपर्दछ बुँदागत रुपमा आयोजनाको स्थलगत अनुगमन निरीक्षणका लागि देहाय बमोजिमका क्रियाकलापहरू गर्ने गरिएको छ :-

(क) आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनको सत्यता एकिन गर्न वास्तविकता अवलोकन गर्ने गरिएको।

(ख) आयोजना कार्यान्वयनका क्रममा आइपरेका समस्याहरूबारे जानकारी लिने गरिएको ।

(ग) समस्या समाधानमा सहयोग गर्ने, आयोजना निर्माण स्थलमा नै निर्देशन दिने, समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयास बारे जानकारी लिने, समस्या समाधानका निमित्त समन्वय गर्ने एवम् विभिन्न विकल्पहरू पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका बारेमा निर्णयकतालाई जानकारी गराउने

(घ) आयोजनाका सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणाबारे जानकारी लिने ।

(ङ) आयोजना र अन्य पक्षबीच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्ने ।

अनुगमन तथा सुपरीवेक्षण समितिले निर्धारित रुजुसूची (checklist) को आधारमा सेवाग्राहीहरूसँगै व्यवस्थित तरिकाले स्थलगत भ्रमण गरी नक्सामा रहेका सूचनाको सत्यता एकिन गर्ने गरेको छ । यस्तो भ्रमणले स्थानीय समुदायसँग सम्बन्ध स्थापित गर्न, नक्सामा उल्लेख गरिएका पक्षहरूलाई पुष्ट्याई गर्न, स्थानीयवासीहरूका विकास कार्यका समस्या र समाधानका उपायका बारेमा अवगत गर्न मद्दत पुगेको छ ।अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरू अपनाइएको थियो

(क) स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन,

(ख) आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरूसंग छलफल र अन्तरक्रिया,

(ग)गाउँपालिकामा क्रियाशिल राजनीतिक दलका पदाधिकारी लगायतका अगुवाहरुसँगको अन्तरक्रिया,

(घ) आयोजनाको उपभोक्ताहरसंगको अन्तरक्रिया र छलफल ।

### १.४ अनुगमनको सिमा

- महत्वाकांक्षी योजनाहरुको बाहुल्यता भएकाले सम्पूर्ण योजनाहरुको अनुमन प्रभावकारी हुन नसक्नु,
- योजनाको प्रभाव मूल्याङ्कनका लागि दक्ष जनशक्तिको अभाव,
- आयोजना तर्जुमा प्रक्रियामा नै कम गुणस्तर खालका योजना तर्जुमा हुने गरेकाले नतिजा प्राप्ति गर्न कठिन,
- योजनाको अनुगमन प्रक्रिया सहज नभइ खर्चिलो एवं बढी समयको खपत हुने हुदा समय खर्चिएर अनुगमन गर्न नसकिनु,
- कठिन भौगोलिक अवस्था र उपभोक्ता समितिहरुबाट सृजना हुने अनावश्यक दवावले योजना अनुगमनमा सृजनात्मकता नभई तनावको वातावरण सृजना हुने ।

## फिल्ड भ्रमण तथा अवलोकनको सारांश

### आयोजनाको विवरणहरु

| १ नं. वडा कार्यालय | | | | | |
|---|---|---|---|---|---|
| आ.ब. ०८०/०८१ को प्रगती विवरण | | | | | |
| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | अनुगमन मिति | भौतिक प्रगती | अनुगमनमा देखिएका तथ्य सुझाव |
| १ | तोमचौर चण्डीथान सडक निर्माण | ३००००० | २०८१/०२/१७ | १००% | |
| २ | साउनेपानी केराबोटे सडक मर्मत | ५००००० | | १००% | |
| ३ | खोलाखर्क गहते सिंचाई | ३००००० | | १००% | |
| ४ | फेदी खानेपानी मर्मत तथा कृष्ण मन्दिर निर्माण तथा व्यवस्थापन | २५०००० | | १००% | |
| ५ | मौरे कट्टी शान्ती चर्च व्यवस्थापन | ३५०००० | २०८१/०२/१७ | १००% | |
| ६ | होपिना खेल मैदान निर्माण | ३००००० | | १००% | |
| ७ | सालोम चर्च धेरावार सदगाउँ | २५०००० | | १००% | |
| ८ | उर्गेन मुतोक छ्वालिङ गुम्बा निर्माण | १५००००० | | १००% | |
| ९ | खड्काबारी ओखरबोट देवीथान गोरेटोबो निर्माण | ३००००० | | १००% | |
| १० | तल्लो चण्डिथान व्यवस्थापन | २००००० | | १००% | |
| ११ | खापिङ खेल मैदान स्तर उन्नती | ८००००० | | १००% | |

# वडा नं. २ सैपु अन्तरगत संञ्चालित आयोजनाहरु

| क्र. स. | योजनाको नाम | विनियोजित बजेट | लक्ष्य | प्रगती |
|---|---|---|---|---|
| १ | छार्नालागे मन्दो गुम्बा मर्मत तथा ब्यवस्थापन वडा नं. २ | ५००००० | सिँढी ६० मि. | सिँढी ८५ मि. |
| २ | चर्च भवन निर्माण वडा नं.-२ | ५००००० | (9.15*4.6) को भवन १ | कार्य सम्पन्न |
| ३ | नवसिर्जन हिंगा हुदैं कलकत्ते टोल सडक | ५०००० | १३८० मि. नयाँ | २०४० मि. |

| | | | | |
|---|---|---|---|---|
| | निर्माण वडा नं.-२ | ० | ट्याक | |
| ४ | प्रगतिशिल ग्रामिण भवन वडा नं २ | ४००००० | ८ वटा पिलर,बिम र स्लाब | कार्य सम्पन्न |
| ५ | चण्डेश्वरी ढाँडे सडक स्तर उन्नती वडा नं-२ | ८००००० | २५१ घनमिटर सोलिङ | कार्य सम्पन्न |
| ६ | चण्डेश्वरी मा.बि. सैपु बिद्यालय भवन मर्मत सुधार वडा नं. -२ | २००००००० | भवन निर्माण तथा मर्मत | कार्य सम्पन्न |
| ७ | श्री अरुणोदय मा.बि.कक्षाकोठा मर्मत सुधार योजना (शिक्षा तर्फ) | ५००००० | ७ वटा कक्षाकोठा मर्मत | कार्य सम्पन्न |
| १ | चण्डीस्थान कामीगाँउ भुतेओडार सडक मर्मत योजना | २००००० | ग्रेड सुधार र ७५ मि.सोलिङ | ग्रेड सुधार र ६६ मि.सोलिङ |
| २ | मड्केला पहरे थलाबास सडक मर्मत योजना | ५००००० | ९४० मि. मर्मत | १ कि.मि. मर्मत |
| ३ | मैदाने कान्ले सडक मर्मत योजना | ४००००० | ८१० मि. नयाँ ट्याक | ९९० मि. नयाँ ट्याक |
| ४ | चोक्टे खोला वडा कार्यालय पकन्दार फेदी कुलो मर्मत योजना | ३००००० | ५१ मि. कुलो | ५८ मि. कुलो |
| ५ | डुम्रे माथिल्लो सिरिसे सिँचाइ योजना | २००००० | 30 मि. कुलो र मेसोनरी वाल | २९ मि. कुलो र मेसोनरी वाल |
| ६ | ढाँडे सिँचाइ कुलो मर्मत योजना | ३००००० | 77 मि. कुलो | 79 मि. कुलो |
| ७ | भैसे खोला पल्लाबारी विर्ता सिँचाई मर्मत योजना | १५००००० | 400 मि. पाईप सिँचाई | 400 मि. पाईप सिँचाई |
| ८ | भैसे डाँडा साँझबोटे सिँचाइ कुलो मर्मत योजना | २००००० | 77 मि. कुलो | 77 मि. कुलो |
| ९ | भस्मे खोला अमलबोटे सिँचाइ कुलो मर्मत योजना | २००००० | 87 मि. कुलो | 98 मि. कुलो |
| १० | भस्मे खोला सुर्यघडेरी काफलबोटे कुलो मर्मत | २००००० | 81 मि. कुलो | 81 मि. कुलो |
| ११ | भस्मे खोला सालघारी कुलो मर्मत योजना | २५००००० | 127 मि. कुलो | 158 मि. कुलो |
| १२ | मझुवा माझघर सिँचाई मर्मत योजना | १५००००० | 330 मि. पाईप सिँचाई | 330 मि. पाईप सिँचाई |

| | | | | |
|---|---|---|---|---|
| १३ | सेतीखोला मच्छार सिँचाइ कुलो मर्मत योजना | २५०००० | 60 मि. कुलो | 57 मि. कुलो |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | सिसन्दु खानेपानी मर्मत योजना | २००००० | | १ वटा पानी टयांकी र ८००पाईप लाईन | कार्य सम्पन्न | |
| १८ | काभ्राफेद बेलौरी सिडी निर्माण | २००००० | | ९० वटा सिँडी | १०१ वटा सिँडी | |
| १९ | कालिका देवी मन्दिर ट्रस & सिडी निर्माण | ३००००० | | १ ट्रस & ३२ सिडी निर्माण | १ ट्रस & ५३ सिडी निर्माण | |
| २० | कालिकादेवी स्थान मर्मत तथा सरक्षण | १५०००० | | १ वटा मन्दिर घेराबार | १ वटा मन्दिर घेराबार | |
| २१ | वडा कार्यालय जाने सिडी निर्माण | २००००० | | ५५ वटा सिँडी र घेराबार | ५५ वटा सिँडी र घेराबार | कार्यसम्पन्न |
| २२ | श्री अरुणोदय मा.बि.हल निर्माण योजना | ४००००० | | फर्निचर सहित हल निर्माण १ | फर्निचर सहित हल निर्माण १ | |
| २३ | कालिका देवी आ.बि. घेरवाड निर्माण योजना | १५०००० | | ३० मि. घेराबार | ३० मि. घेराबार | |
| २४ | छिता देवी आ.बि. घेरवाड निर्माण योजना | १५०००० | | ३० मि. घेराबार | ३० मि. घेराबार | |
| २५ | श्री शहिद स्मृति आ.बि.घेरावार निर्माण योजना | ३००००० | | २५ मिटर | कार्य सम्पन्न | |
| २६ | वडा कार्यालय घेरावार निर्माण योजना | २००००० | | ३५ मिटर | कार्य सम्पन्न | |

## *वडा नं.३ काङ्वा अन्तरगत सम्पूर्ण निर्माणका आयोजनाको लक्ष्य तथा प्रगती*

| क.स. | योजनाको नाम | विनियोजित बजेट | लक्ष्य | प्रगती |
|---|---|---|---|---|
| १ | झट्टटेश्वर महादेव मन्दिर धारा चौतारा निर्माण | ६००००० | ट्याङकी (९*१.३) र गाह्रो ६० मि | |
| २ | धोबी चउर खेल मैदान निर्माण | ६२२००० | | कार्य हुन नसकेको |
| ३ | किर्तिके सडक निर्माण | ४००००० | ५४० मि | २४५ मि |
| ४ | डोपकिलो सडक निर्माण | ३००००० | ११०मि | ११० मि. |
| ५ | फलाटे सडक निर्माण( फुर्वाटोल) | ४००००० | ५१० मि | ५०० मि |
| ६ | जरङ्गे बाङ्गे सिंचाई मर्मत | २००००० | ९० मि | ९९ मि |
| ७ | नेवार सिंचाई कुलो मर्मत | | २५ मि | २८ मि |
| ८ | चित्रे ट्रस सामुदायिक भवन निर्माण | ५००००० | (१६*७) १वटा | |
| ९ | चोच्पु खानेपानी मर्मत | २००००० | ६०० मि | ६०० मि |
| १० | जरङ्गेखोला सिकारीडाँडा खोल्मागाउँ खा.पा. | ४००००० | १८०० मि | १८०० मि |
| ११ | सिहालेपानी भु-क्षय रोकथाम | २००००० | ६०० मि | ३०० मि |
| १२ | सार्वजनिक शौचालय खोल्मागाउँ बसपार्क | ४००००० | १ वटा | |
| १३ | काङ्वा डाँडा मानेडाँडा ट्रस निर्माण | २००००० | (१२.५*२.५) १ वटा | (१२.५*२.५) १ वटा |
| १४ | महताराडाँडा सातभाई टोल सडक | २००००० | ३४० मि | २६० मि |
| १५ | जोगीडाँडा ट्रस निर्माण | ५००००० | १ वटा (१३*५.५) | १ वटा (१३*५.५) |
| १६ | दलित वस्ती सडक मर्मत | ३००००० | ३५० मि | ३५० मि |
| १७ | वृखेश्वर महादेव मन्दिर मर्मत | ५०००० | १ वटा | १ वटा |

# *वडा नं. ४ बिजुलिकोट अन्तर्गत अनुगमन गरिएका योजनाको वस्तुगत स्थिति*

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | लक्ष्य | | | | | | | | प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कटिङ(m) | सोलिङ(cum) | जालि(cum) | मेसिनरी(cum) | ट्रस(kg) | ढलान(cum) | पाइप(Rm) | ट्याङ्कि(no) | | |
| १ | कोटगाउँ कल्लेरी पोकुवेसी सडक स्तर उन्नती | १८००००० | ४५०० | | ७२ | | | | | | कार्य सम्पन्न | |
| २ | कोटगाउँ भिरगाउँ आइतबारे सडक स्तर उन्नती | १०००००० | ६०० | ४३ | | ३२ | | २६ | | | कार्य सम्पन्न | |
| ३ | नागीडाँडा खर्क पहरे सडक स्तर उन्नती | १५००००० | २०० | | ३२६ | | | | | | कार्य सम्पन्न | |
| ४ | भृङ्गेश्वर मा.वि. धारापानी सेउती सडक स्तर उन्नती | १३००००० | | ५१ | १२६ | ६७ | | | | | कार्य सम्पन्न | |
| ५ | ढुङ्ग्रे मुहान हुदै कोलचौर आँपडाँडा खानेपानी योजना | १८००००० | | | | | | | ३९०० | ३ | कार्य सम्पन्न | |
| ६ | दाहाल कुलथान निर्माण | ८००००० | | | | २८ | ६६७ | | | | कार्य सम्पन्न | |
| ७ | अधेरी भिरगाउँ सडक निर्माण तथा स्तरउन्नती | ५००००० | ५१० | | | | | | | | कार्य सम्पन्न | |
| ८ | चौदे चालिसे सडक निर्माण | ५००००० | ६१० | | | | | | | | कार्य सम्पन्न | |
| ९ | जेती दुसिम सडक निर्माण तथा स्तरउन्नती | ५००००० | ५०० | | | | | | | | कार्य सम्पन्न | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | जम्दारमोड हुँदै दुईघरे रात्माटा सडक निर्माण तथा स्तर उन्नती | १४५०००० | ७०० | | १५७ | | | | | | कार्य सम्पन्न | |
| ११ | डाँडा गाउँ ढुङ्ग्रे सडक विस्तार | ५००००० | ११८९ | | | | | | | | कार्य सम्पन्न | |
| १२ | थापागाउँ चोप्राङ सडक मर्मत | ४००००० | | २२ | ८० | | | | | | कार्य सम्पन्न | |
| १३ | दमै डाँडा जोगीनी थान सडक मर्मत तथा निर्माण | ३००००० | ९३० | | २१ | | | | | | कार्य सम्पन्न | |
| १४ | बालारु सडक निर्माण | ८००००० | १२० | ७७ | | ५९ | | | | | कार्य सम्पन्न | |
| १५ | भञ्याङ चुलीडाँडा मन्दिर ट्रस्ट निर्माण | ४००००० | | ५५ | | ८ | ४०७ | | | | कार्य सम्पन्न | |
| १६ | भिरगाउँ सामुदायिक भवन मर्मत | ३००००० | घरलाइ रङरोगन झ्याल ढोका प्लास्टरको काम फ्लोरिङको काम टोइलेट निर्माण | | | | | | | | कार्य सम्पन्न | |
| १७ | महतगाउँ महादेव मन्दिर ट्रस निर्माण | २००००० | | | | ३५ | ५०७ | | | | कार्य सम्पन्न | |
| १८ | कल्लेरी काउले खानेपानी ट्याङ्की मर्मत | १००००० | ट्याङ्किलाई संरक्षण आहाल निर्माण | | | | | | | | कार्य सम्पन्न | |
| १९ | कोतमौलो व्यवस्थापन | ३००००० | | ४ | | ५ | ७३३ | | | | कार्य सम्पन्न | |
| २१ | बरबोटे खाल्टे खोला मन्दिर स्तरउन्नती | १००००० | | | | ११ | | | | | कार्य सम्पन्न | |
| २२ | कोटगाउँ सभाहल थप ट्रस्ट तथा गेट निर्माण | ३००००० | घेराबार १० मि | | | ९.६ | २३७ | | | | कार्य सम्पन्न | |

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | लक्ष्य | प्रगती |
|---|---|---|---|---|
| १ | गजेन्द्र मानेडाडा एरम्बास सडक स्तर उन्नती वडा न. ५ | १०००००० | २६५ घ.मि. सोलिङ १५.७५ घ.मि. मेसेनरी र ५१८ घ.मि. Back कटिङ | **कार्य सम्पन्न** |
| २ | गैरी खोला दोभान पुल निर्माण वडा न. ५ | ५००००० | पुल निर्माण | कार्य सम्पन्न |
| ३ | चावाखर्क गैरी धोबी सडक स्तर उन्नती वडा न.५ | १२००००० | ४०८.१५ घ.मि. सोलिङ र १५ घ.मि. Rock काट्ने काम | कर्य सम्पन्न |
| ४ | दारिमबोट गहते गिदानचोर सडक स्तर उन्नती वडा नं. ५ | २०००००० | Back cutting ३७०० मि. ग्याबिन जाली र सोलिङ ५८० मि. | कार्य सम्पन्न |
| ५ | रुपाकाली मन्दिर जाने माथिल्लो बाटो स्तरउन्नती | ७००००० | ३७० मि. सोलिङ | कार्य सम्पन्न |
| ६ | पञ्चमी सिंचाइ योजना वडा नं. ५ | २००००० | ६८ मि. RCC कुलो सुख्खा गारो र १ बक्स ग्याबिन | ६९ मि. RCC कुलो सुख्खा गारो ग्याबिन |
| ७ | पहरे खोला मुहान हुदै मुल्मोटोल डाडागाउं खा.पा.वडा नं. ५ | ७००००० | ट्याङकी निर्माण तथा पाइपलाइन | कार्य सम्पन्न |
| ८ | गिदानचोर पर्यटन प्रवधन कार्यक्रम वडा नं.५ | ५००००० | तारघेराबार निर्माण | |
| ९ | मालिका आ.वि. हुदै ढाडखोला हुदै राउतटोल सम्म सडक मर्मत | ३५०००० | ४८ बक्स ग्याबिन भर्ने काम | ४८ बक्स ग्याबिन भर्ने काम |
| १० | मिजारटोल ट्र्याक हुदै हरिसिद्धी तेस्रे मझुवा सडक निर्माण | ६००००० | ८०० मिटर नया कटिङ, १२५ मि. सोलिङ र २को १२ बकस ग्याबिन | कार्य सम्पन्न |
| ११ | श्री बुद्ध जनप्रिय मा.वि. हुदै मारुनेटोल सडक ट्र्याक ओपन | १५०००० | ४५० मि. नयाँ ट्याक | |
| १२ | कोप्चेटोल धारा मर्मत तथा तार घेराबार निर्माण | २००००० | तार घेराबार निर्माण | |
| १ | घैयाबारी मुहान ढांडेसिम मुहान हुदै | १००० | ट्र्याङकि निर्माण | |

| | | | | |
|---|---|---|---|---|
| ३ | चन्दुलीडांडा छापगाउ खा.पा. | ००० | तथा पाईपलाइन | |
| १४ | ज्याल्पु खोला मुहान हुदै बाबुटोल खा.पा. मर्मत | ३००००० | ट्र्याङकि निर्माण तथा १००० मि.पाईप | ट्र्याङकि निर्माण र १००० मि. पाइप |
| १५ | टारबारी मुहान हुदै सिनेटोल ठाडेटोल खा.पा. मर्मत | ३००००० | ट्र्याङकि निर्माण तथा २५० मि. पाइपलाइन | ट्र्याङकि निर्माण र २५०मि. पाइप |
| १६ | मलते मुहान हुदै मुहान हुदै लामाटोल घिसिङटोल खा.पा.निर्माण | ५००००० | ट्र्याङकि निर्माण तथा पाईपलाइन | **कार्य सम्पन्न** |
| १७ | हिलेखर्क गिदानचोर डाडाटोल खा.पा. मर्मत | ३००००० | ३ no. BPT, २५० मि. पाइपलाइन र फिटिङका सामानहरु | ३ no. BPT २५० मि. पाइपलाइन र फिटिङका सामानहरु |
| १८ | खर्कडाडा मसानघाट ट्रस निर्माण | ३००००० | मसानघाट निर्माण | कार्य सम्पन्न |
| १९ | खोलाघारी कुटीघर निर्माण | २००००० | कुटीघर निर्माण | |
| २० | गैरी मसानघाट निर्माण | ३००००० | मसानघाट निर्माण | |
| २१ | जलेश्वरी देबीथान निर्माण डाडा गाउ | २००००० | १७ मि. ल. *२ मि. उचाइ मेसेनरी | १८ मि.ल.*२.१ मि. उचाइ मेसेनरी |
| २२ | टुनीखोला मसानघाट ट्रस निर्माण | ३००००० | ट्रस निर्माण | कार्य सम्पन्न |
| २३ | भितरी माने भञ्ज्याङ ट्रस निर्माण | ३००००० | ट्रस निर्माण कार्य सम्पन्न | |
| २४ | मानेडाडा महादेव मन्दिर मर्मत | २००००० | ३२ मि. मेसेनरी | ३५ मि. मेसेनरी |
| २५ | काफ्ले सामुदायिक भवन | ५००००० | सामुदायिक भवन निर्माण | सामुदायिक भवन निर्माण भुक्तानी भइसकेको |
| २६ | स्वास्थ्य चौकी भवन व्यबस्थापन तथा मर्मत | ३००००० | रङरोगन को काम र झ्याल ढोका मर्मत | निर्माण कार्य सन्चालन भइरहेको |

## *वडा नं. ५ नागदह अन्तर्गत अनुगमन गरिएका योजनाको वस्तुगत स्थिति*

## *वडा नं. ६ खिम्ती अन्तर्गत अनुगमन गरिएका योजनाको वस्तुगत स्थिति*

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | लक्ष्य | प्रगती |
|---|---|---|---|---|
| १ | सिद्देश्वर शिब मन्दिर घेराबार तथा खोला नियनन्त्रन वडा नं. ०६ | ५०० ००० | प्लम्ब कंक्रिट १२ मि र मेसेनरी वाल १७ मि | प्लम्ब कंक्रिट ११.५ मि र मेसेनरी वाल १४.८ मि |
| २ | गैरीखोला सिस्नेबेसी सिंचाइ वडा नं.०६ | ५०० ००० | १७५ मि आर.सि.सि कुलो निर्माण | १७५ मि आर.सि.सि कुलो निर्माण |
| ३ | गरीसेरा चनौटे सिंचाई योजना वडा नं. ०६ | ५०० ००० | 1380 मि. नयाँ ट्याक | २०४० मि. |
| ४ | भोटेरुम्टा सिंचाई आयोजना वडा नं. ०६ | ५०० ००० | १२८ मि आर.सि.सि कुलो निर्माण र १६ मि मेसेनरी वाल | १२८ मि आर.सि.सि कुलो निर्माण र १६ मि मेसेनरी वाल |
| ५ | न्युरे खा.पा माथिल्लो बजार खिम्ती वडा नं. ०६ | ४०० ००० | २ इन्टेक ,१ ट्याङ्की र ८०० मि पाइफ खन्ने पुर्ने | २ इन्टेक ,१ ट्याङ्की र ८०० मि पाइफ खन्ने पुर्ने |
| ६ | खिम्ती प्रहरी चौकी निर्माण वडा नं. ०६ | ३०० ००० | भवन निर्माण तथा मर्मत | निर्माण कार्य सम्पन्न |
| ७ | खिम्तिबेसी घाट जाने गोरेटो बाटो निर्माण वडा नं. ०६ | ४०० ००० | मेसेनरी वाल लगाई गोरेटो बाटो बनाएको | |
| ८ | ज्यामिरेबोटे पैरे गोरेटो बाटो निर्माण वडा नं. ०६ | ३०० ००० | मेसेनरी वाल लगाई गोरेटो बाटो बनाएको | मेसेनरी वाल लगाई गोरेटो बाटो बनाएको |
| ९ | वडा कार्यालय भवन निर्माण कार्य | सम्झौता | निर्माण कार्य सम्पन्न | |

| | | | | |
|---|---|---|---|---|
| | | भएको | | |
| १० | शिवालय नाङथली सडक,लिखु तामाकोशी -६,रामेछाप | सम्झौता नभएको | निर्माण कार्य सञ्चालनमा नभएको | |
| ११ | छतिउने सिंचाई | ४००००० | ६० मि आर.सि.सि कुला र २७ मि मेसेनरी वाल | ५५ मि आर.सि.सि कुला र २७ मि मेसेनरी वाल |
| १२ | जयसुरी मुनि सिंचाई | ३००००० | ३० मि आर.सि.सि कुला र ३० मि मेसेनरी वाल | ४०.१ मि आर.सि.सि कुला र ११.१ मि मेसेनरी वाल |
| १३ | ढाडेखोला खर्क सिंचाई(रातमाटा) | ३००००० | मेसनरी वाल २४ मि र ग्याविन वाल ६ पिस | मेसनरी वाल ४६ मि र ग्याविन वाल ६ पिस |
| १४ | ढाडेखोला चिउरीबोटे सिचाई | ३००००० | १५० मि आर.सि.सि कुलो | २०४ मि आर.सि.सि कुलो निर्माण |
| १५ | रातुखोला कटुन्जे सिरान घर सिचाई | २००००० | ३३ मि आर.सि.सि कुला र ७ मि मेसेनरी वाल | 42 मि आर.सि.सि कुला र ७.५मिवमेसेनरी वाल |
| १६ | विरौटा सिचाई | १५०००० | ७७ मि. कुलो | ८०.९ मि. कुलो |
| १७ | छाँगाखोला खा.पा | २००००० | १ टयाङ्की र २ ईन्टेक | १ टयाङ्की र २ ईन्टेक |
| १८ | ज्यामिरे ठुलो पधेरो निर्माण | २००००० | पधेरो निर्माण | पधेरो निर्माण |
| १९ | दोभान खोला रिजाल टोल खा.पा व्यवस्थापन | १५०००० | १ टयाङ्की निर्माण | १ टयाङ्की निर्माण |
| २० | धाराखोला माथिल्लो टोल खा.पा निर्माण (भदौरे) | ३००००० | २० हजार लि को १ टयाङ्की र १५०० मि पाईप खन्ने पुर्ने काम | २० हजार लि को १ टयाङ्की र १५०० मि पाईप खन्ने पुर्ने काम |
| २१ | हिले खा.पा मर्मत | ४००००० | ११०० मि. पाईप र जि.आ.ईपोष्ट टुचिङको तार (खन्ने पुर्ने काम) | ११०० मि. पाईप र जि.आ.ईपोष्ट टुचिङको तार (खन्ने पुर्ने काम) |
| २२ | खिम्ती प्रहरी चौकी निर्माण वडा नं. ०६ | ३००००० | कार्य सम्पन्न भएको | कार्य सम्पन्न भएको |
| २३ | गैरीखोला स्ल्याव निर्माण | ३००००० | आर.सि.सि ढलाने पुल र ग्याविन तारजाली | आर.सि.सि ढलाने पुल र ग्याविन तारजाली |

| | | | | |
|---|---|---|---|---|
| २४ | वडा कार्यालय भवन निर्माण | १५०००००० | निर्माण कार्य सञ्चालन भईरहेको | निर्माण कार्य सञ्चालन भईरहेको |
| २५ | वडाका सम्पुर्ण सडकहरु मर्मत तथा निर्माण | १००००००० | सोलिङ,ब्याककटिङ् ,ग्रेड डाउन ५०० मि नाला कटिङ | सोलिङ,ब्याककटिङ् ,ग्रेड डाउन ५०० मि नाला कटिङ |
| २६ | आहाल प्रतिक्षालय निर्माण तथा व्यवस्थापन | २०००००० | प्रतिक्षालय निर्माण | प्रतिक्षालय निर्माण कार्य सम्पन्न |
| २७ | कृषि सङ्कलन केन्द्र घेराबार खिम्ती | ३०००००० | ५५ मि मेसेनरी वाल र ५५ मि घेराबार (तारजाली) | ५५ मि मेसेनरी वाल र ५५ मि घेराबार (तारजाली) |
| २८ | भुमेथान आ.वि | ४०००००० | ५५ मि मेसेनरी वाल र ५५ मि घेराबार (तारजाली) | ५१.५५ मि मेसेनरी वाल र ५१.५५ मि घेराबार (तारजाली) |

## *वडा नं. ७ तिल्पुङ अन्तरगत संञ्चालित आयोजनाहरुको प्रगति स्थिति*

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट | लक्ष्य | प्रगती |
|---|---|---|---|---|
| १ | छागा सडक स्तर उन्नती वडा नं. ७ | १५००००० | ग्याबिन जालि ४८ ओटा, ढलान ६१ मिटर र मेसिनरी वाल २० मिटर | ग्याबिन जालि ४८ ओटा, ढलान ६४ मिटर र मेसिनरी वाल २० मिटर |
| २ | दारिमबोट गहते गिदानचौर सडक स्तर उन्नति वडा नं. ५र ७ | २००००००० | ब्याक कटिनङ ३७०० मिटर, ग्याबिन जाली र सोलिङ ५८० मिटर | निर्माण कार्य सञ्चालन |
| ३ | बुट्यान राम्चे सडक आयोजना वडा नं. ७ | ६००००० | ५७० मि. नयाँ ट्याक र २२० मि. सोलिङ | ५८० मि. नयाँ ट्याक र २२० मि. सोलिङ |
| ४ | बेसिखानि रातमाटा सडक स्तर उन्नती वडा नं ७ | ५००००० | ४० मि. सोलिङ, १०८ मि. पहिरो पन्छ्याउने र ६५ ओटा जाली | ४० मि. सोलिङ, १०८ मि. पहिरो पन्छ्याउने र ६५ ओटा जाली |
| ५ | स्वास्थ्य चौकी जाने बाटो निर्माण वडा नं ७ | १०००००० | 2८५ धनमिटर सोलिङ र ६६५ घन कटिङ | ३०३ धनमिटर सोलिङ र ५७५ घन कटिङ |
| ६ | ऐरम खोला बेसीखानी सिंचाई वडा नम. ७ | ५००००० | कुलो निर्माण तथा मर्मत | निर्माण कार्य सञ्चालन |

| | | | | |
|---|---|---|---|---|
| ७ | तल्लो नेवारटोल इन्द्रावती मन्दिर मर्मत वडा नं. ७ | ५००० ०० | मन्दिर निर्माण तथा मर्मत | कार्य सम्पन्न |
| ८ | तिल्पुङखोला घाट जाने बाटो वडा नं ७ | ५००० ०० | सिडि निर्माण | कार्य सम्पन्न |
| ९ | गौतम बुद्द आ.वि. भवन मर्मत वडा नं ७ | ५००० ०० | २ कोठे भवन निर्माण | कार्य सम्पन्न |
| १० | कृष्णमोड च्यानडाँडा चमलबोट सडक | २००० ०० | ६३० मि. नया ट्र्याक | |
| ११ | चुचेढुङ्गा विर्ता सडक | ३००० ०० | ग्यबिन वाल | कार्य सम्पन्न |
| १२ | ढ्याङ्ग्रे कालिदेवी विडेचौतारा सडक | ३००० ०० | ८१० मि. नया सडक | |
| १३ | ढाँड चिउरिबोट बाँसघारी सडक साविक ४ | १००० ०० | १५ घन मि. ग्याबिन र ४ घन मेसिनरि वाल | कार्य सम्पन्न |
| १४ | थापामोड तल्लोटारि सडक | १००० ०० | ४५० मि. नया सडक | ४४२ मि. नया सडक |
| १५ | बरबोट कार्किगावऊ सडक | २००० ०० | १३ घन सोलिङ, १६ घन मि. ग्याबिन र ५ घन मेसिनरि वाल | निर्माण कार्य सञ्चालन |
| १६ | रमितेडाँडा झाक्रिटोल सडक | २००० ०० | ८५ मि. नया रोड र ५२ घन सोलिङ | निर्माण कार्य सञ्चालन |
| १७ | रामसिता मन्दिर गणेसथान त्रिपासे गहते सडक मर्मत | ३००० ०० | ४ घन ग्याबिन, ८६ घन सोलिङ र ग्रेड सुधार | ९० घन सोलिङ र ग्रेड सुधार |
| १८ | लाकुरिडाडा बाटो निर्माण | १५०० ०० | बाटो मर्मत | निर्माण कार्य सञ्चालन |
| १९ | हिलेढाँड बिचारीटोल आरुबोट सडक | ४००० ०० | ८२० मिटर नया ट्याक, सोलिङ र मेसिनरि वाल | निर्माण कार्य सञ्चालन |
| २० | कठजोर खोला सुरेले सिंचाई | २००० ०० | ४४ मिटर ढलान कुलो | ४४ मिटर ढलान कुलो |
| २१ | काल्लेखोला कामिटोल सिंचाई | २००० | ४४ मिटर ढलान कुलो | ४४ मिटर ढलान कुलो |

| | | | | |
|---|---|---|---|---|
| | | ०० | | |
| २२ | तायाखोला डिलपारी सिंचाई | २००० ०० | सिंचाई पाइप खरिद र खन्ने पुर्ने | निर्माण कार्य सञ्चालन |
| २३ | रमिते कामिटोल खापा टयाङ्की निर्माण | २००० ०० | टयाङ्की निर्माण, पाइप खरिद र खन्ने पुर्ने | टयाङ्की निर्माण, पाइप खरिद र खन्ने पुर्ने |
| २४ | हल्देबेसी सिंचाई योजना | ३००० ०० | १२० मिटर ढलान कुलो निर्माण | १६५ मिटर ढलान कुलो निर्मान |
| २५ | हिलेखोला निबुवाबोट सिंचाई | २००० ०० | ६३ मिटर कुलो | निर्माण कार्य सञ्चालन |
| २६ | खरिखोला बासझयाङ बोहराटोल गौरुडटोल खा.पा. | २००० ०० | टयाङ्की निर्माण, पाइप खरिद र खन्ने पुर्ने | टयाङ्की निर्माण, पाइप खरिद र खन्ने पुर्ने |
| २७ | जुगेपानी ठुलाचौर भेडिखोर टयाङ्की धारो निर्माण | ३००० ०० | ४*४*१.७ घ.मि. टयाङ्की निर्माण | ४*४*१.७ घ.मि. टयाङ्की निर्माण |
| २८ | डाँडाघर टयाङकी निर्माण | १००० ०० | १ वटा टयाङ्की निर्माण | कार्य सम्पन्न |
| २९ | बस्नेत टोल खानेपानी योजना निर्माण | १५०० ०० | १ वटा टयाङ्की निर्माण | कार्य सम्पन्न |
| ३० | बावसबोटे खानेपानी योजना निर्माण | २००० ०० | टयाङ्की निर्माण, पाइप खरिद र खन्ने पुर्ने | टयाङ्की निर्माण, पाइप खरिद र खन्ने पुर्ने |
| ३१ | मुल पँधेरो टयाङ्की मर्मत पाइप बिस्तार | २००० ०० | टयाङ्की मर्मत, पाइप खरिद र खन्ने पुर्ने | टयाङ्की मर्मत, पाइप खरिद र खन्ने पुर्ने |
| ३२ | माहादेवथान भलाटार भागे खानेपानी योजना | २००० ०० | टयाङ्की मर्मत, पाइप खरिद र खन्ने पुर्ने | कार्य सम्पन्न |
| ३३ | सार्किटोल धारा निर्माण | ३००० ०० | मेसिनरि वाल र धारा निर्माण | कार्य सम्पन्न |
| ३४ | डर्देन समाज घर निर्माण | ५००० ०० | २ कोठे भवन निर्माण | २ कोठे भवन निर्माण |
| ३५ | चन्डेशवरी नवयुवा समुह भवन निर्माण | ५००० ०० | पिलर वाला भवन निर्माण | कार्य सम्पन्न |
| ३६ | छाँगा प्रतिक्षालय | २००० ०० | प्रतिक्षालय निर्माण | कार्य सम्पन्न |
| ३७ | हिलेडाँडा घाटघर निर्माण | ३००० ०० | प्रतिक्षालय निर्माण | कार्य सम्पन्न |
| ३८ | सुतार कार्की समुहघर | ५००० | २ कोठे भवन निर्माण | कार्य सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| | | ०० | | |

लिखु तामाकोशी गाउँपालिकाबाट आ.व. २०८०/०८१ मा सडक निर्माणको लागि प्रस्तावित योजनाहरु उपभोक्ता समिति र ठेक्का प्रक्रियाबाट निर्माण व्यवसायी मार्फत निर्माण कार्य भइरहेका छन् ।पाँच लाख भन्दा बढी बजेट विनियोजन भई निर्माण सम्पन्न भएका अधिकांश सडक आयोजनाहरु डिजाइन र लागत अनुमान बमोजिम निर्माण भएपनि सडक निर्माणका लागि चाहिने आधारभूत मापदण्डहरु पुरा नभएको देखियो । निर्माण सम्पन्न योजनाहरु सूचीकृत भारी उपकरणको प्रयोग गरी निर्माण सम्पन्न गरिएको देखिएकाले आगामी दिनमा उपभोक्ता समिति मार्फत निर्माण गरिने सडक स्थानीय निर्माण औजारहरुको प्रयोग गरी निर्माण गर्नुपर्ने देखिन्छ यसका अतिरिक्त प्रत्येक वडाबाट सडक निर्माण लागि प्राथमिकता निर्धारण गरी सडक निर्माणका लागि माग आउने गरेको र माग अनुरुप बजटे विनियोजन हुन नसक्दा गुणस्तरीय सडक निर्माण हुन नसकेको देखिन्छ ।

कतिपय सडक योजनाहरुको वजेट विनियोजनमा दोहोरोपना (संघ, प्रदेश र स्थानीय तह) हुदा अनुगमनमा समस्या पर्ने गरेको छ। चालिस प्रतिशत योजना निर्माणस्थलमा योजना सूचना पाटी नराखिएको देखिएकाले आगामी दिनमा योजना निर्माणको शुरुवात देखिनै योजना निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने देखिन्छ ।

उपभोक्ता समितिहरुले निर्माण कार्यको प्रारम्भ देखिनै प्राविधिकको सल्लाह सुझाव अनुरुप योजना कार्यान्वयनको शुरुवात भएकोले डिजाइन र लागत अनुमान बमोजिम काम भएको, काममा अन्यौल नभएको पाईकोले आगामी दिनमा प्राविधिकको निगरानीमा काम संचालन गर्नुपर्ने देखिन्छ ।

निर्माण व्यवसायी मार्फत निर्माण सम्पन्न भएका सडक योजनाहरुमा प्रयोग भएका सामाग्री कम गुणस्तरका देखिन आएको र तोकिएको समयमा निर्माण सम्पन्न नभएको देखिन आएकाले आगामी दिनमा यसलाई सुधार गर्नु पर्ने देखिन्छ।अनुगमन गरिएका सडक तथा गोरेटो बाटो निर्माण योजनाहरुको भौतिक प्रगति ८५ देखि १०० प्रतिशत भएको देखिन्छ ।

### २.१.२ खानेपानी

गाउँपालिका र वडा कार्यालयबाट खानेपानीको निर्माण र मर्मतका लागि प्रयाप्त बजेट विनियोजन भएकोमा एक घर एक धारा निर्माणको अवधारणा अनुरुप निर्माण सम्पन्न भएका, निर्माण सामाग्रीमा बाह्य निर्माण सामाग्रीको गुणस्तर कम हुने गरेको प्रस्तावित गरिएको योजना र निर्माण हुने योजनामा

अन्तर रहेको देखिएको छ । समुदायको वास्तविक आवश्यकता भएको योजनामा गुणस्तरीय काम भएको र कम आवश्यकता भएको योजनामा कामको कम गुणस्तर भएको देखिएको छ । सामाग्री खरिद गर्दा खरिद सम्बन्धी आवश्यक प्रक्रिया पुरा नगरी सामाग्री खरिद गरिएको पाइएको छ। फिटिङ सामाग्री खरिदमा पनि ध्यान नपुयाएको र खरिद गर्नुपर्ने सामाग्रीको मात्रामा फरक परेको देखिन्छ । अनुगमन सम्पन्न भएका योजनाहरुको भौतिक प्रगति ९० देखि १०० प्रतिशत सम्म भएको देखिन्छ ।

**खानेपानी तथा सरसफाई सम्बन्धि आयोजनाहरुको विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | तल्लो सानाभिर वडा कार्यालय बिर्ता खा.पा. मर्मत योजना | ३००००० | वडा नं.२ | निर्माण कार्य सञ्चालन | | |
| २ | पानीघट्टा देवीथान लिलामी टोल खानेपानी मर्मत योजना | १५०००० | वडा नं.२ | 1 वटा पानी ट्यांकी | 1 वटा पानी ट्यांकी | कार्य सम्पन्न |
| ३ | बिमिरे बुर्पा खानेपानी ट्याङ्की मर्मत | १५०००० | वडा नं.२ | 1 वटा पानी ट्यांकी | निर्माण कार्य सञ्चालन | |

## ***बोलपत्र मार्फत सञ्चालिय योजनाको विवरण***

| सि.नं. | बोलपत्र नम्बर(Contract ID) | योजनाको नाम | बिनियोजित रकम |
|---|---|---|---|
| 1 | LTRM/GOODS/TB-01/080/81 | खोलाखर्क झोलुङ्गे पुल | 1,820,000.0 |
| 2 | LTRM/NCB/WORKS/01/080/81 | दिलौरी-जगमाने-बाँसे सडक (वडा नं. १ र २) | 1,00,00,000 |
| 3 | LTRM/NCB/WORKS/02/2080/81 | वडा कार्यालय भवन निर्माण वडा नं.-२ | 3,013,000.0 |
| 4 | LTRM/NCB/WORKS/03/2080/81 | वडा नं. ४ स्वास्थ्य चौकी भवन निर्माण | 1,00,00,000 |
| 5 | LTRM/NCB/WORKS/04/2080/81 | वडा नं. २ स्वास्थ्य चौकी भवन निर्माण | 80,00,000 |
| 6 | LTRM/NCB/WORKS/05/2080/81 | काङ्गवा आइतबारे सडक स्तरउन्नति वाड नं. ३ | 26,00,000 |
| 7 | LTRM/NCB/WORKS/06/2080/81 | खोलमागाँउ धोबी सडक,लि.ता.-३ | 25,00,000 |

| | | | |
|---|---|---|---|
| 8 | LTRM/NCB/WORKS/07/2080/81 | लर्खुखोला रातमाटा सडक, लि.ता.-४ | 25,00,000 |
| 9 | LTRM/NCB/WORKS/08/2080/81 | बुर्पा खानेपानी योजना वडा नं.-१ | 80,00,000 |
| 10 | LTRM/NCB/WORKS/09/2080/81 | वडा कार्यालय भवन निर्माण वडा नं.-६ | 5,500,000.0 |
| 11 | LTRM/NCB/WORKS/10/2080/81 | कामिटारखोला रातमाटा सिँचाई योजना | 25,00,000 |
| 12 | LTRM/NCB/WORKS/11/2080/81 | धोबी बजार देखि नागिसम्म कालोपत्रे | 3,00,00,000 |
| 13 | LTRM/NCB/WORKS/12/2080/81 | सडक बोर्ड(रामचे डाँडा-कोटगाउँ सडक) | 26,00,000 |
| 14 | LTRM/NCB/WORKS/13/2080/81 | शिवालय नाङथली सडक लिखु तामाकोशी-६, रामेछाप | 30,00,000 |
| 15 | LTRM/NCB/WORKS/09/2079/80 | बृखेश्वर आ.बि. खोलमागाउँ | 2,500,000.00 |
| 16 | LTRM/NCB/WORKS/16/2079/80 | Ward Karyalaye Bhawan Nirman ward no. 5 | 4,000,000.00 |
| 17 | LTRM/NCB/WORKS/2/2079/81 | Halde dhobi Road | 30,000,000.00 |
| 18 | LTRM/NCB/WORKS/3/2079/82 | Dhobi bazar dekhi chitre jane bato | 30,000,000.00 |

केहि आयोजनाहरुको तस्विरहरुः

गाउँपालिकास्तरीय १५ शैया अस्पताल








निर्माण सम्पन्न पश्चातको १५ शैय्या अस्पताल



हलदे धोबी सडक कालोपत्रे








वडा नं. १ कार्यालय दुरागाउँ



निर्माणाधीन २ नं. वडा कार्यालय, सैपु



४ नं. वडा कार्यालय बिजुलिकोट



५ नं. वडा कार्यालय, नागदह



निर्माणाधीन ६ नं. वडा कार्यालय, खिम्ती



७ नं. वडा कार्यालय तिल्पुङ

## भाग ३ः प्रमुख उपलब्धिहरु

- आवधिक रुपमा योजनाको अनुगमन र सुपरीवेक्षण हुने हुदा प्रस्तावित योजनाहरुलाई मनोमानील्य रुपमा कार्यान्वयन गर्नमा कमी आएको,
- उपभोक्ता समितिले प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य गर्ने भएकाले उक्त काम गुणस्तरयुक्त हुन गरेको ।
- अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुरुप योजनाको भुक्तानी गर्ने प्रावधानले गर्दा गुणस्तरीय काम हुने गरेको ।
- दवावको भरमा भुक्तानी गर्ने परिपाटीको अन्त्य भएको ।

## भाग ४ प्रमुख समस्याहरु

- टुक्रे योजनाहरुको संख्या धेरै भएकाले अनुगमन गर्न कठिनाइ हुने गरेको
- एउटै योजनाको नाममा धेरै ठाउँमा काम हुने भएकाले अनुगमनलाई चुस्त दुरुस्त गर्न नसकिएको ।
- अनुगमन कार्यमा वडास्तरका जनप्रतिनिधिको कम संलग्नता हुने गरेको र उपभोक्ता समितिको अध्यक्षलाई मात्र उक्त काममा जिम्मेवार बनाउने गरिएको ।
- अनुगमन तथा सुपरीवेक्षण समितिको बैठक निर्धारित समयमा नहुनु बैठक भए पनि औपचारिकतामा सीमित रहनु ।
- निर्धारित समय र तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन प्रस्तुत गर्ने नगरेको ।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणको कार्यान्वयन नहुने ।
- अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न कर्मचारीहरुमा उत्प्रेरणाको अभाव, छिटोछिटो सरुवा हुनु ।
- अनुगमन तथा मूल्यांकन प्रणाली प्रक्रियामुखी तथा कागजी प्रकृतिको हुनु ।
- अनुगमन तथा मूल्यांकन प्रणाली सहभागितात्मक नहुनु ।
- निष्पक्ष तथा वस्तुगत कार्य सम्पादन अनुगमन र मूल्यांकन गरी पुरस्कार, सुधार तथा दण्डको नीति अवलम्बन नगर्नु
- आधुनिक तथा वैज्ञानिक प्रविधिको प्रयोग अपेक्षित रुपमा हुन नसक्नु

## भाग ५ सिकाईहरु

- निश्चित समय तालिका अनुसार अनुगमन गर्दा दैनिक सेवा प्रवाहमा समस्या हुने नगरेको
- उपभोक्ता समिति र निर्माण व्यवसायीलाई पूर्व सूचना गरेर अनुगमन गर्दा सम्पूर्ण सदस्यहरुसंग छलफल र पुष्ठपोषण गर्न सहज हुने गरेको
- अनुगमन कार्यमा समग्र समितिका सदस्यहरुको अनिवार्य उपस्थितिले भुक्तानी सिफारिसमा सहज हुने गरेको

## भाग ६ : निष्कर्ष र सुझावहरु

### ६.१ निष्कर्ष

नेपालमा राजनीतिक रुपान्तरणको कार्य सम्पन्न भए पश्चात् तीनै तहका सरकारहरुले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यास गरिरहेका छन् । तसर्थ सङ्घीयताको अभ्यास गर्ने क्रममा गाउँपालिकाको अबको ध्यान आर्थिक, सामाजिक रुपान्तरणतर्फ केन्द्रित हुनुपर्ने वास्तविकलाई हृदयंगम गर्दैं शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार समृद्ध लिखु तामाकोशी को मूल आधारको नारा तय गरेर त्यस दिशातर्फ गाउँपालिका अघि बढ्न खोजिरहेको छ । विद्यमान शासन प्रणालीमा भएको रुपान्तरणसँगसँगै जनताका माग र अपेक्षा बढ्दै गएको सन्दर्भमा जनताले परिवर्तनको प्रत्यक्ष अनुभूत गर्ने गरी गाउपालिकाको समग्र विकास प्रक्रियालाई अगाडि बढाउनु अति जरुरी देखिएको छ । अन्यथा नयाँ व्यवस्थाप्रति पनि जनताको विश्वास र भरोसा विस्तारै घट्दै र हट्दै जानसक्छ यसको परिणामस्वरुप कठिन संघर्ष र बलिदानीबाट प्राप्त गरेको नयाँ व्यवस्था पनि असफल हुन गई सिंगो देश नै असफल राष्ट्र बन्ने दिशातर्फ अघि बढ्न सक्छ । तसर्थ उपरोक्त सुझावहरुलाई ग्रहण गर्दैं लिखु तामाकोशी  गाउपालिकाको योजनाको कार्यान्वयन र अनुगमन एवं मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

## ६.२ सुझावहरु :

- स्तरीय तथा सहभागितात्मक अनुगमनमा जोड दिने
- अनुगमन पश्चात् पृष्ठपोषण पुरस्कार र दण्डको व्यवस्था गर्ने,
- आगत क्रियाकलाप र नतिजामूलक अनुगमनलाई फरक फरक स्तरमा राखी प्रतिफलमा नभइ प्रभाव अनुगमनमा जोड दिने
- नतिजामूलक तथा प्रभावकारी अनुगमन, मूल्यांकन प्रणालीको विकास र अभ्यास गर्ने
- एकीकृत सूचना प्रणालीको विकास तथा अनुगमन मूल्यांकनको कार्यशैली, प्रक्रिया र संरचनामा परिवर्तन गरी स्वचालित संयन्त्रको निर्माण गर्ने ।
- अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने
- आयोजना कार्यक्रमहरुसँग सम्बन्धित निकाय र जनशक्तिको कार्य सम्पादन मूल्यांकनलाई आयोजनाको प्रगतिसंग आवद्ध गर्ने
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त नतिजालाई योजना, कार्यक्रम तथा आयोजना तर्जुमा,
- कार्यान्वयनमा पृष्ठपोषणको रुपमा प्रयोग गर्ने पद्धतिको विकास गर्ने ।
- स्वतन्त्र तथा तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्यांकन कार्यका लागि आवश्यकता अनुसार परिचालन गर्नुपर्ने
- सार्वजनिक सरोकारका आयोजनाहरुको अनुगमन तथा मूल्यांकनमा लाभग्राही सरोकारवालाहरुलाई समेत संलग्न गराउनु पर्ने ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने, वेवमा आधारित तथा स्वचालित अनुगमन प्रणालीको विकास र विस्तार गर्ने । आगामी दिनहरुमा योजनाको अनुगमन गर्दा Solstice एपको प्रयोग गरेमा प्रभावकारी अनुगमन हुन जाने र तत्काल प्रतिवेदन पनि स्वतः निर्माण हुने हुँदा यो मोबाइल एप्सको प्रयोग गर्दा उपयुक्त हुने ।
- अनुगमन, मूल्यांकनको लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्ने हरेक विषयगत शाखाले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्नुपर्ने